# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

जलस्रोत मन्त्रालयका सचिव श्री मधुसूदन ढकाल उर्जा नीतिसम्बन्धी क्षेत्रीय बैठकमा भागलिन फिलिपिन्सको मनिला जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४३।८।२३ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय कञ्चनपुरका प्र. जि. अ. श्री रेवती रमण नेपाल क्रिया बिदा बस्नुभएको हुंदा सो प्र. जि. अ. पदमा नि.से.नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री विन्दुराज सिग्देललाई मिति २०४३।७।२३ देखि का. मु. मुकरर गरेको छ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव

४२१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महान्यायाधिवक्ता, नेपाल सरकार

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

यस मन्त्रालयअन्तर्गत औषधि व्यवस्था बिभागका प्रमुख औषधि व्यवस्थापक तथा विभागीय प्रमुख डा. पुरुषोत्तमनारायण सुवाल घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्रमुख औषधि व्यवस्थापक तथा विभागीय प्रमुख पदमा नि.से.नि. २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही बिभागका बिधिविज्ञ श्री द्वारिकानाथ लाखेलाई मिति २०४३।७।१८ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,

वासुदेव प्रधान

श्री ५ को सरकारको का.मु. सचिब

(४)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।